१२०४ – ८१६

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ४४०/२०७१/०७२
निर्णय नं. ८१६

जिल्ला सर्लाही बस्ने शम्भुप्रसाद देव, कृषि विकास कार्यालय..................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर..................................१ विपक्षी
सूचना अधिकारी, लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर..................................१

विषय :- आवश्यक कागजात माग गरेकोमा लामो समयसम्म उपलब्ध नगरएकोले तामेलीम राख्ने ।

जिल्ला सर्लाही बस्ने शम्भुप्रसाद देवले, लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर समक्ष सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०७२।०३।०१ मा गरेको पुनरावेदकको सम्बन्धमा यस आयोगको मिति २०७२।०३।०६ च.नं.१४५५ को पत्रबाट निज पुनरावेदकलाई आवश्यक कागजात उपलब्ध गराउन लेखी गएकोमा निजले हालसम्म आयोगले माग गरेको कागजात उपलब्ध गरेको देखिन्न । साथै उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा समेत कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले आयोगले माग गरेका कागजात सहित सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल बैशाख २२ गते रोज ४ शुभम् ।